पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १५ गते बिहीबार ❑ 27 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्यटनमा आशा जगाउँदै त्रिदेशीय पर्यटन प्रदर्शनी सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

प्यासिफिक एशिया ट्राभल एशोसिएशन(पाटा)नेपालच्याप्टरले नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् र अन्य सरकारी तथा निजी क्षेत्रका साझेदार सरोकारवालाको सहकार्यमा पोखरामा तीनदेखि सञ्चालित त्रिदेशीय पर्यटन प्रदर्शनी नेपाल इण्डिया चाइना एक्स्पो (नाइस-२०२५)) बुधबार सकिएको छ।

छिमेकीमूलुक भारत र चीनबाट बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउने उद्देश्यका साथ आयोजित प्रदर्शनीमा पर्यटन क्षेत्रका ८० बिक्रेता, ७० क्रेता र ७५ अन्तर्राष्ट्रिय प्रतिनिधिसहित छ सयभन्दा बढीको सहभागिता रहेको थियो । प्रदर्शनीले तीन देशका सरकारी र निजी क्षेत्रका पर्यटन र आतिथ्य सरोकारवाला संस्थालाई एकै थलोमा ल्याएर उनीहरूबीच व्यावसायिक अनुभवको साथै नेटवर्किङ र व्यापार अवसर उपलब्ध गराएको जनाइएको छ । प्रदर्शनीले पोखरा यस्ता विशेष समारोह गर्न सक्षम छ भन्ने महत्त्वपूर्ण सन्देश दिएको पाटा नेपालका अध्यक्ष खेल लकाइले बताउनुभयो।

समग्र नेपालको पर्यटन प्रवर्द्धनमा प्रदशनी महत्त्वपूर्ण उपयोगी बनेको उहाँको भनाइ छ । प्रदर्शनीले ट्राभल ट्रेड सङ्गठनहरूबीचको सम्पर्क, छलफल गर्न र तीन देशको पर्यटन वृद्धि गर्न महत्त्वपूर्ण अवसर प्रदान गरेको पाटा नेपालका महासचिव नरेन्द्रदेव भट्टले बताउनुभयो। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालमा पहिलो पटक आयोजित त्रिदेशीय पर्यटन प्रदर्शनी समग्र पर्यटन क्षेत्रका लागि महत्त्वपूर्ण क्षण भएको बताउनुभयो।

प्रदर्शनीले पोखरालाई बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी आदि (माइस पर्यटन) का लागि आकर्षक गन्तव्यको रूपमा प्रवर्द्धन गरेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । "प्रदर्शनी पोखरासहित समग्र नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण बनेको छ", उहाँले भन्नुभयो, "यसले विशेषतः पोखरालाई प्रकृति, संस्कृति र साहसिक पर्यटनको विशिष्ट गन्तव्य हो भन्ने विषयलाई थप उजागर गरेको छ। प्रदर्शनीको सफलताले पर्यटनका थप सम्भावनालाई उजागर गरेको नेपाल वायुसेवा निगमका कर्पोरेट निर्देशक अनिल घिमिरे बताउनुहन्छ।

प्रदर्शनीले छिमेकी दुई ठूला राष्ट्र भारत र चीनबाट अधिकतम् पर्यटक भित्र्याउनका लागि पनि विशेष योगदान गरेको पर्यटन व्यवसायीले बताएका छन्।

## आत्मिक जागरणले मानवलाई समृद्धितर्फ उन्मुख गराउँछः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले आत्मिक जागरणले मानवलाई समृद्धितर्फ उन्मुख गराउने बताउनुभएको छ।

विश्वमा शान्ति र सर्वपक्षीय समृद्धिको लक्ष्यका लागि मानवमा आत्मिक जागरण अपरिहार्य रहेको भन्दै उहाँले अध्यात्म, ध्यान र योगले मानव कल्याण हुने बताउनुभएको हो।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, पोखराले शिवरात्रिको अवसरमा आयोजना गरेको महाशिवरात्रि महोत्सव, प्रवचन, शिवध्वजारोहण एवं स्नेह मिलन समारोहका प्रमुख अतिथि भट्टले मानवमा शान्त र सकारात्मक मन, सवल र शुद्ध बुद्धि एवं श्रेष्ठ र दिव्य संस्कार निर्माणका लागि ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको ठूलो योगदान रहेको बताउनुभयो। ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय




आध्यात्मिक शैक्षणिक संस्थाका रुपमा रहेको बताउँदै उहाँले मानवमूल्यहरुको पुनस्थार्पनाद्वारा मूल्यनिष्ठ समाजको निर्माणार्थ यसले काम गरिरहेको पाएको उल्लेख गर्नुभयो । विश्वका डेढ सय बढी देशमा आफ्ना सेवा केन्द्रहरुको माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउने कार्य तथा तनावमुक्त जीवन, नैतिक मूल्य एवं मानवीय संस्कारको निर्माण गर्न विशेष भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

महाशिवरात्रिको अवसरमा नेपालीको जीवनमा आध्यात्मिक जागरणको नयाँ उज्यालो छर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दै उहाँले शिवोत्पत्ति भएको विश्वास गरिने मानसखण्डको भूभाग, शिवको विचरणस्थल मानिने हिमवत्खण्डको मुख्य भूगोल एवं निवासस्थल मानिने पवित्र पाशुपत क्षेत्र नेपालसँग रहनु हाम्रा लागि गौरवको विषय रहेको बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य भीम कार्कीले संस्कार र संस्कृति हाम्रो पहिचान भएकाले यसलाई भुल्न नहुनेमा जोड दिनुभयो।

## गणतन्त्रविरुद्धको आन्दोलन सम्भव छैन : पूर्व उपराष्ट्रपति पुन

**पोखरापत्र संवाददाता**
गोरखा, १४ फागुन

पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन 'पासाङ'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्धको आन्दोलन सम्भव नहुने बताउनुभएको छ।

बारपाक सुलिकोट गाउँपालिकाले आज जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको २९औँ स्मृति दिवसको अवसरमा आयोजना गरेको सहिदपरिवार सम्मान तथा प्रगतिशील साहित्यिक गोष्ठी एवं



बलिदानी दिवस कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "गणतन्त्रमाथि चौतर्फी हमला भइरहेको छ, दुई पटक उपराष्ट्रपति पनि भएँ तर गणतन्त्रमार्फत प्राप्त समानुपातिक समावेशी अधिकार कसरी हत्याउन सकिन्छ, भनेर प्रतिगामी शक्ति क्रमशः हाबी हुँदै गएको मैले देखेँ।" नेपाली जनता संविधानले निर्दिष्ट गरेको बाटोमा अघि बढ्न चाहेको उहाँले बताउनुभयो। संविधानले समाजवादको परिकल्पना गरेकाले पूर्वउपराष्ट्रपति पुनले समाजवाद प्राप्तिपछि मात्र सहिदहरुको सपना सार्थक हुने उल्लेख गर्नुभयो।

जनताका आवश्यक एकैचोटी पूरा हुन नसक्ने भए पनि पार्टीहरुले निरन्तर जनताको पक्षमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

## समाज सेवामा अब्वल माइला अव शिक्षा सेवामा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

वर्तमान समयमा शिक्षा प्रत्येक व्यक्तिको जीवनमा मुटु सरी टाँसीएको छ । शिक्षा र युवा एकअर्कासँग नङ र मासुको सम्बन्ध बन्दै गएको छ। भविष्यमा कुनै पनि समाज वडा र जिल्ला विकास गर्न युवाको शिक्षा अनिवार्य बन्दै गयो। युवाको शिक्षाले परिवारदेखी समाज हुँदै भविष्यको दिशा तय गर्न महत्त्वपूर्ण भूमिका



खेलेको पाइन्छ । युवाले शिक्षामा प्रगति गर्दा, उनीहरूको सोचमा खुलापन र बृहत दृष्टिकोणका साथ समस्याहरूको समाधान गर्ने क्षमता विकसीत हुन्छ। एउटा व्यक्ति, परिवार, समाजमा असल बन्दै वडा, जिल्ला ,प्रदेश र राष्ट्र बनाउनको लागि सवै भन्दा पहिला शिक्षा आबश्यक पर्दछ । शिक्षाको महत्व बुझे मात्र त्यसको आबश्यक महशुस हुदैछ । कुनै समाजमा सम्मानित व्यक्ति भएर

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरामा बिहीबारदेखि एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल २०२५'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

पर्यटकीय राजधानी पोखरामा बिहीबारदेखि एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल २०२५' सुरु हुँदै छ। बुकवर्म फाउन्डेसनको आयोजनामा हुन लागेको बाह्रौं संस्करणको फेस्टिभल फेवाताल किनारको बाराही घाट मैदानमा फागुन १८ सम्म चल्ने छ।

'साहित्यको कुम्भमेला' मानिने फेस्टिभलको उद्घाटन समारोह बिहान ११ बजे हुने आयोजकले जनाएको छ । नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले फेस्टिभलको उद्घाटन गर्नेछन् । संवाद सत्रहरू भने दिउँसो एक बजेदेखि सुरू हुनेछ । सत्र सुरू हुनुअघि प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाको विद्धत्प्रवचन रहने फेस्टिभलका निर्देशक निरज भारीले जानकारी दिए। उनी इन्दिरा गान्धी ओपेन यूनिभर्सिटीको प्रो-उपकुलपति र भारतको सिक्किम विश्वविद्यालयका संस्थापक उपकुलपति हुन् । उनी भारतको राष्ट्रिय केन्द्रीय विश्वविद्यालयको सबैभन्दा कान्छा उपकुलपति समेत बनेका थिए । उद्घाटन समारोहमा अनिल शाही र समूहको विशेष सांगीतिक प्रस्तुति पनि हुनेछ । उद्घाटन समारोहपछि दिउँसो १ बजेदेखि भूपी कक्षमा अध्यात्म र संघर्षमाथि 'अलि अलि हार हो, अलि अलि जित जित !' सत्रमा अभिनेत्री मनीषा कोइराला र लेखक एवम् पत्रकार विजय कुमारको संवाद हुनेछ । त्यसपछि दिउँसो २ बजेदेखि ३ बजेसम्म 'स्मृतिमा भूमी' सत्रमा कान्ति शेरचन र कविता शेरचनसँग वसन्त थापाले संवाद गर्नेछन् । अलिमियाँ कक्षमा दिउँसो २ बजेदेखि ३ बजेसम्म सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरूङसँग विजय तिमल्सिनाले सञ्चार क्षेत्रमाथि केन्द्रीत संवाद गर्ने भारीले जानकारी दिए। भूपी कक्षमा दिउँसो ३ बजेदेखि ४ बजेसम्म मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसँग भरत कोइरालाले प्रदेश सरकारका गतिविधि, अवसर र चुनौतीलगायत विषयमा संवाद गर्ने आयोजकले जनाएको छ । सोही समयमा अलिमियाँ कक्षमा 'रैथाने ज्ञानको विज्ञान' सत्रमा सीता मादेम्बाले सुभाष नेपाली, गीता चौधरी र सुरेश ढकालसँग संवाद गर्ने फेस्टिभलका कार्यकारी निर्देशक अजित बराललले जानकारी दिए।

भूपी कक्षमा दिउँसो ४ बजेदेखि ५ बजेसम्म नेकपा (एमाले) नेता एवं गण्डकीका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले राजनीतिका सुःख-दुःख सुनाउने छन् । उक्त सत्रको सहजकर्ता निर्मला शर्मा रहेकी छन्। अलिमियाँ कक्षमा सोही समयमा केशवशरण लामिछानेले प्रेम र साहित्यमाथि केन्द्रीत रहेर भावेश भुमरी र प्रणिता चाम्लिङसँग संवाद गर्नेछन् । भूपी कक्षमा साँझ ५ बजेदेखि ६ बजेसम्म ओमविक्रम विष्टको सांगीतिक प्रस्तुति रहने छ। त्यस्तै अलिमियाँ कक्षमा गौरी तमुले प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापासहित विष्णु सिञ्जाली र जुनाकुमारी गुरूङसँग गण्डकीका गुरूङ र मगर भाषाको विषयमा संवाद गर्नेछिन् । कलाकार लोक चित्रकारको पौभा चित्रकला प्रदर्शनी फेस्टिभलको मुख्य आकर्षण रहेको आयोजक समितिका सदस्य केशवशरण लामिछानेले जानकारी दिए । फेस्टिभलमा छुट लिएर स्टलबाट पुस्तक पनि खरिद गर्न सकिने छ। यसपटक फेस्टिभलमा देश-विदेशका दुई सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकार, सम्पादक एवम् विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहनेछ । त्यस्तै ५० भन्दा बढी छलफल सत्र, अन्तर्क्रियात्मक कार्यक्रम, सांगीतिक प्रस्तुति र अन्य रचनात्मक कार्यक्रम पनि समावेश छन् । एनसेल फाउन्डेसन प्रमुख प्रस्तुतकर्ता रहेको फेस्टिभललाई बुध्द एयरले संवर्द्धन गरेको छ। पोखरा महानगरपालिका प्रवर्द्धक रहेको फेस्टिभलमा गण्डकी प्रदेश सरकार सहप्रवर्द्धक छ । त्यस्तै उप-प्रवर्द्धकका रूपमा नेपाल पर्यटन बोर्ड, कृषि विकास बैंक, ग्लोबल आइएमई बैंक र प्रभु बैंकले आयोजकलाई साथ दिएका छन् । फेस्टिभलमा साहित्यसँग जोडिएका सामाजिक, राजनीति, आर्थिक, नवीन प्रविधि, सिनेमालगायत विविध क्षेत्रका विषयमाथि गम्भीर मन्थन हुनेछ । परम्परागत धुन र लयहरूलाई समकालीन परिवेश सुहाउँदो स्वरूप दिने सांगीतिक समूह 'सोनागी ब्लुज'ले पनि फेस्टिभलमा प्रस्तुति दिनेछ । काठमाडौं विश्वविद्यालयको संगीत विभागका विद्यार्थीहरूको सामूहिक परियोजनाका रूपमा सुरू भएको यस ब्यान्डको संगीतमा नेपाली लोक, रक र भारतीय शास्त्रीय संगीतको समिश्रण सुन्न सकिन्छ । फेस्टिभलको यो संस्करणमा दुई फरक पुस्ताका लेखकको पुस्तकमाथि विमर्श हुनेछ । अग्रज वामपन्थी नेता एवम् नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहद्वारा लिखित उपन्यास 'कामरेड जलजला'माथि विमर्श हुने र ६ वर्षीय भूमिलक्ष्मी पराजुलीको 'मरमेड, ह्वेल एन्ड प्रिन्सेस' नामक चित्रकथा पुस्तक सार्वजनिक गरिने फेस्टिभलका निर्देशक अजित बरालले जानकारी दिए। ८९ वर्षीय सिंहको एक हजार ३२० पृष्ठको उपन्यास नेपालमा प्रकाशित सबैभन्दा ठूलो पुस्तक भएको बताइन्छ । फेस्टिभलले उपलब्ध गराएको मञ्च नयाँ पुस्ताका लेखक तथा विचारकहरू तयार पार्ने माध्यम बन्ने आयोकजक बुकवर्मको अपेक्षा छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शैक्षिक विकासमा योगदान गर्ने ५ जनालाई जि एण्ड के एजुकेशनको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्ट पोखराले शैक्षिक अगुवाहरुलाई सम्मान गरेको छ । उच्च शिक्षा अध्यनका लागि विदेश जान चाहने विद्यार्थीलाई शैक्षिक परामर्श दिदै आएको जि एण्ड केले छैटौँ वार्षिकोत्सवको अवसर पारेर पोखरामा रहेर शैक्षिक क्षेत्रमा योगदान गरेका ५ जनालाई सम्मान गरेको हो ।




सम्मानित हुनेमा नोभेल एकेडेमी पोखराका सिइयो विशेश्वर आचार्य, पश्चिमाञ्चल क्याम्पसका संयोजक देव बहादुर क्षेत्री, प्रतिभा मन्टेश्वरीकी प्रिन्सिपल पद्या पौडेल पराजुली, सनफ्लावर बोडिङ स्कुलका संचालक दिपक शाह र आईईएलटीएस काउन्सिलर दिपक आचार्य रहेका छन् । उनीहरुलाई दोसल्ला, सम्मानपत्र र मायाको चिनोले सम्मान गरिएको थियो । शिक्षा विकास निर्देशनालय, गण्डकीका निमित्त महानिर्देशक धनश्याम पौडेल, पोखरा महानगरपालिका वडानम्बर ४ का अध्यक्ष देवकृष्ण पराजुली, इक्यानका उपाध्यक्ष भुवन बहादुर क्षेत्री, इक्यान कास्की अध्यक्ष प्रकाश गैह्रे, इक्यान कास्कीका पूर्वअध्यक्ष रमेश थापा, गैह्आवासिय नेपाली महासंघ पोल्याण्डका पूर्वमहासचिव श्रीकृष्ण न्यौपाने, जि एण्ड केका संचालन राजन पन्थी लगायतले सम्मान गरेका थिए । कार्यक्रममा बोल्दै महानिर्देशक पौडेलले उच्च शिक्षाको लागि विदेश जाने विद्यार्थीलाई गुणस्तरीय सेवाको खाचौँ रहेको बताए । राम्रो शैक्षिक परामर्श नपाएर विद्यार्थी समस्याग्रस्त मात्र भएका छैनन् डिप्रेसनको सिकार भएका छन् । अर्को तर्फ विदेश पुगेर पनि भौतारीनु परेको छ ।' उनले भने । यस्तो अवस्थामा गुणस्तरीय शैक्षिक परामर्श दिने संस्थाको खाचौँ छ । पोखरा महानगरपालिका वडानम्बर ४ का अध्यक्ष देवकृष्ण पराजुलीले विद्यार्थी र अभिभावकको मन जित्ने गरी मर्यादीत भएर सेवा दिन आग्रह गरे । जि एण्ड के इन्टर नेसनल एजुकेशन कन्सल्टेन्टले छोटो समयमा उत्कृष्ट कार्य गर्न सफल भएको भन्दै शुभकामना व्यक्त गरे । संस्थामा कार्यरत पिन्की शाही 'जि एण्ड के आइडल'बाट सम्मानित भइन् । पोखरामा प्रधान कार्यालय रहेको जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्टले अष्ट्रेलिया, युके, क्यानडा, डेनमार्क, साउथ कोरिया लगायतका देशमा जान चाहने विद्यार्थीका लागि शैक्षिक परामर्श दिदै आएको छ । बुटवल, दाङ र धनगढीमा शाखा विस्तार गरेको छ । जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्टका संचालक राजन पन्थीले नेपाल सरकार शिक्षा मन्त्रालयबाट स्विकृत लिइ संस्थाले सेवा गरिरहेको जानकारी दिए ।

कार्यक्रमाम बुटवल शाखाका विवेक बराल, दाङ शाखाका विपिन बराल र धनगढी शाखाका नविन धामीले जि संस्थाको वारेमा बोलेका थिए । स्थापना दिवसकै अवसरमा जि एण्ड केले पोखरामहानगरपालिका वडानम्बर ४ गैह्रापाटनमा रहेको नविन माविमा अध्यनरत ५० विद्यार्थीलाई एक/एक सेट विद्यालय पोशाक वितरण गरेको थियो ।

# सराङकोट महाउत्सवको पहिलो दिन ४५ लाख बढी संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

सराङकोटमा बुधबारदेखि श्रीमद् भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सव सुरु भएको छ । २१ फागुनसम्म जारी रहने उक्त उत्सव अर्न्तगत आज पूर्वाङ सहित महायज्ञ शुभारम्भ गरिएको हो ।

यज्ञ शुभारम्भ पूर्व बाजागाजा, भजन, युद्ध कलासँग सम्बन्धीत सरुन खेल सहित पोखरा गाईघाटबाट सेती नदी स्नान गरी पञ्चकन्या सहित कलश यात्रा सुरु भएको थियो । उक्त यात्रा विन्ध्यवासीनी मन्दिर, सेदी हुँदै अन्नपूर्ण केवलकार मार्फत यज्ञ स्थल सराङकोट टप पुगी मुल समारोहमा परिणत भयो । बुधबार उद्घाटनको दिन अन्नपूर्ण केवलकारमा अध्यक्ष कालु गुरुङबाट रु.२५ लाख, सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसी परिवारबाट रु.१५ लाख, त्यस्तै खिमबहादुर जिसीको परिवारबाट रु.२ लाख ३३ हजार एवम् अन्य दाताको गरी कुल ४५ लाख ७५ हजार सहयोग संकलन भएको प्रसारप्रसार संयोजक कृष्ण थापाले जानकारी दिनुभयो । समारोहलाई सम्बोधन गर्नुहुँदै सहयोगदाता अन्नपूर्ण केबलकार अध्यक्ष कालु गुरुङले सराङकोट धार्मिक पर्यटकीय स्थलका अलवा शक्ति पीठका रुपमा क्रमश स्थापित हुँदै गएको जनाउनु हुँदै सद् कर्ममा सहयोग गर्न पाउदाँ खुशी लागेको सुनाउनुभयो ।उहाँले आफुले धार्मिक संघसंस्थामा सक्दो सहयोग गर्दै आइरहेको स्मरण गर्नुहुँदै सराङकोट वास्तवमै स्वर्गको टुक्रा भएको अनुभव राख्नुभयो । भागवत् भाष्कर पण्डित कमलनयन गौतमले सराङकोटलाई पुण्यभूमिको संज्ञा दिनुहुँदै सराङकोट




पहिचान स्थापित भूमि भएको स्पष्ट पार्नुभयो । उहाँले सराङकोट धामको बृद्धि विकासमा लागि हाल सहित ६ यज्ञ गरिएको स्मरण गर्नुहुँदै सराङकोट टप पुगेपछि स्वर्ग पुगेको महशुस हुने गरेको औँल्याउनुभयो । पोखरा महानगरपालिका प्रवक्ता समेत रहनुभएका वडा नं. २५ का अध्यक्ष मोतिराज तिमिल्सीनाले सराङकोट महाउत्सवले पोखरा भ्रमण वर्षलाई महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुहुँदै महाउत्सव समग्र पोखरेलीकै चाड भएको उल्लेख गर्नुभयो ।प्रवक्ता तिमिल्सीनाले पोखरा कोटैकोटको शहरका रुपमा स्थापीत हुँदै गएकोमा खुशी व्यक्त गर्नुहुँदै सराङकोटको स्तरउन्नतीमा महानगरले विशेष भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो ।वडाध्यक्ष शिवप्रसाद तिमिल्सीनाले उत्सव समग्र पोखरेलीको चाड भएको भनाई राख्नुहुँदै सराङकोटमा निर्माण भएका संरचना संरक्षणमा सबैले ध्यान दिनुपर्ने जनाउनुभयो । २०६१ सालदेखि सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समिति गठन पश्चात गुरुयोजना निर्माण गरी हालसम्म अनवरत रुपमा सहयोग जुटाउर्दै त्यहाँ निर्माण कार्य गरिएको स्पष्ट पार्नुहुँदै अध्यक्ष तिमिल्सीनाले पोखरालाई नियाल्न सराङकोट टप पुग्नैपर्ने स्पष्ट पार्नुभयो । त्यस अवसरमा सराङकोट धार्मिक एवम् पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसी, वडा सदस्य कल्पना ढकाल क्षत्री लगायतले पनि महाउत्सवको महत्वमाथि प्रकाश पार्नुहुँदै सबैको साथ सहयोगबाट उत्सव सफल हुने विश्वास व्यक्त गर्नुभयो । उद्घाटनको दिन यज्ञ स्थल पुग्ने सम्पूर्ण भक्तजनका लागि केबलकार तथा वसमा आवातजावत निःशुल्क व्यवस्था मिलाइएको थियो। त्यस्तै यज्ञमा मातृ शक्तिको वाक्लो उपस्थिती देखिन्थ्यो । महाउत्सव अन्तर्गत यहि १७ फागुनमा राष्ट्रपति रामचन्द्र पौडेलको बाहुलीबाट सराङकोट धाममा निर्माण गरिएको विशाल पञ्चमुखी गणेश मुर्ति एवम् देवालयहरुको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।यज्ञ अवधिभर स्थानीय चक्रबहादुर जिसी तथा उद्योगकुमारी जिसीले मूल कर्ताको भूमिका निर्वाह गर्नुहुनेछ । सराङकोटमा २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका, स्वागतद्वार निर्माण भएका छन् । ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ ।

# भीम रानाभाटको सम्झनाको सेरोफेरोमाथि परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

प्रगतिशील साहित्यकार भीम रानाभाटको सम्झनाको सेरोफेरो संस्मरण सङ्ग्रहको बुधबार विजय ढकाल सहिद स्मृति प्रतिष्ठानको घनश्याम कक्षमा परिचर्चा सम्पन्न भएको छ ।




नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा.कृष्णराज अधिकारीले भीम रानाभाटको सरल व्यक्तित्व जस्तै संस्मरणमा समाजको यथार्थलाई इमानदारीपूर्वक लेखन गरेको बताए । साहित्यकार रुपिन्द्र प्रभावी कटु र लोकबहादुर थापामगरले सम्झनाको सेरोफेरोमाथि समीक्षा गर्दै १९ वटा जीवन जगतसँग सम्बन्धित संस्मरणले कृतिलाई गहन बनाएको धारणा राखे । कृति परिचर्चासँगै रामराज रेग्मी, डा.श्रीकान्त शर्मा खतिवडा, नारायणकैलाश सिग्देल, परशुराम कोइराला, डोलराज पाण्डे, झलकपाणी तिवारी लगायतका वक्ताले भीम रानाभाटको साहित्यिक यात्रा र योगदानले नेपाली साहित्यमा प्रगतिशील चेतनाको प्रवाहमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनका रचनाहरूले समाजको यथार्थ चित्रण गर्दै, रूपान्तरणको मार्गप्रति पाठकलाई प्रेरित गरेकोले आगामी दिनमा साहित्यिक कृति प्रकाशनका लागि शुभकामना दिएका थिए । भीम नेपाली साहित्यमा प्रगतिशील चेतनाका सशक्त हस्ताक्षर हुन् । उनी तनहुँ जिल्लाको म्याग्दे गाउँपालिका जामुने २ थान्सिङमा वि.सं. २०२३ सालमा जन्मिएका हुन् र हाल पोखरालाई आफ्नो कर्मथलो बनाएका छन् । साहित्यिक क्षेत्रमा 'ज्यालादारी' उपनामले परिचित रानाभाटका रगतका छिर्का मुक्तक सङ्ग्रह २०४९, रङ, रगत र मान्छे कविता सङ्ग्रह २०६४, यही हो मेरो देश मुक्तक सङ्ग्रह २०७०, आँसुको छाल हाइकु सङ्ग्रह २०७३, पग्लदैन सगरमाथा गीत सङ्ग्रह २०७४, र सम्झनाको सेरोफेरो संस्मरण सङ्ग्रह २०८१ कृति प्रकाशित छन् । उनी पोखराबाट प्रकाशित मितेरी, प्रयोग, गण्डकी सङ्गम, साहित्य प्रभा, निगालो पत्रिकाका सम्पादक र व्यवस्थापक रहेका छन् । साहित्य शृङ्खला, गण्डकी साहित्य सङ्गम, प्रगतिशील लेखक सङ्घ, अखिल नेपाल लेखक सङ्घ लागयत दर्जन बढी साहित्यिक संस्थाको नेतृत्व गरेका उनको जीवन शैली र लेखनमा तादम्यता देखिन्छ । सङ्गम साँस्कृतिक मञ्चका काजी गाउँले र विकास लुङ्गेलीले रानाभाटको शब्द रचनामा स्वागत गीत प्रस्तुत गरेका थिए । गण्डकी साहित्य सङ्गमका अध्यक्ष भीम रानाभाटको अध्यक्षतामा सम्पन्न परिचर्चा कार्यक्रममा उपाध्यक्ष पद्मराज ढकालले स्वागत मन्तव्य राखेका थिए भने सचिव नारायण मरासिनीले कार्यक्रम सञ्चालन गरेको थिए ।

# समाज...

जिउनको लागि शिक्षाले सवै भन्दा ठूलो भुमिका खेलको हुन्छ । हरेक टोल टोलमा जाँदा तपाईंलाइ सम्मानको गुच्छाले स्वागत हुन्छ जसको पछाडि तपाईंको शिक्षा हो । शिक्षा बुझेर लामो समयसम्म सामाजिक सेवामा चुर्लुम्ब डुवेका छन् दिपक गुरुङ माइला । उनै दिपक पोखरा महानगपालिका वडा नं १३ स्थित भद्रकाली मावि व्यवस्थापन समितिको अध्यक्ष पदमा चयन भएका छन् । दिपक सानै उमेरदेखी कुरा भन्दा काम गर्ने, शिष्टता पुर्वक हाँस्ने, चकचक कम गर्ने, धैरै सुन्ने थोरै वोल्ने उनको सवैभन्दा ठूलो गुण छ । साथीभाइको समुहमा पनि आँफु भलादमी भएर बस्ने विचार पस्कदा परिपक्कदा भएर बोल्ने । उनको परिपक्कदा वानीले यो दिपक थोरै वोल्छन् दीर्घकालीन सोचेर गर्ने उनको राम्रो पहिचना बनेको छ । कुनै साथीविच भएको तिक्ततालाई सजिलै समाधानको मलाम लगाउन सक्ने हरेक समस्याको गाँठो फुकाउने साथीको रुपमा चिनिन्थ्ये । पोखरा वडा नं १३ बाँझापाटन निवासी दिपक गुरुङ माइला वास्तवमा परिवर्तनका खम्बा युवाशक्तिलाई कुलत र कुसंस्कारबाट जोगाउँदै समाज विकासमा दिनरात लागि परेका छन् । ४३ वर्षिय मइला युवा नन्ददेवी स्कूलवाट नर्सरी अध्ययन सुरु गरेका थिए । नन्ददेवी स्कूलमा अध्ययन गर्न जाँदा एक दिन बाबाको साइकलवाट खसेर हिलामो डुवेपछि घर फर्केर सरसफाइ गरे । ४३ सालमा वालकल्याण स्कूलमा छिरी एसएलसी दिएका माइलाको सर्टिर्फिकेट भद्रकाली माविको नाममा रहेको छ । ०५५ सालमा पृथ्वीनारायण क्याम्पसमा व्यवस्थापन अध्ययन पुरा पछि समाजसेवा ओतप्रोत भए । वडा नं १३ हरेक वर्ष हुने कालरात्रीको परिकल्पनाकार हुन माइला । समाजसेवा गर्दै अगाडि बेढेका माइला सवैभन्दा पहिला मानव शिक्षित हुनु पर्दछ भने शिक्षा क्षेत्रमा प्रवेश भएका हुन् । शनिवार भएको विद्यालय व्यवस्थापन समितिको दोश्रो बैठकले उनै माइलालाई अध्यक्षमा चयन गरेको हो ।

अभिभावकबाट देवीप्रसाद सुवेदी, लक्ष्मी सुवेदी बराल, लक्ष्मी रामदाम निर्वाचित हुँदा जग्गादाताबाट धीरजप्रसाद ढेवाजू चयन भएका छन् उता वडाले ३ जना सिफारिस गरेको थियो । जसमा दीपक गुरुङ (माइला) माधवप्रसाद आचार्य र वडा नं १३ वाट वडा सदस्य बलबहादुर बराल छन् भने सदस्य सचिवमा विद्यालयकै प्रधानाध्यापक यदुराज पंगेनी छन् । शिक्षक प्रतिनिधि भने चयन हुन बाँकी छन् । निर्वाचित र मनोनीत भएका सदस्यहरुको बैठकले गुरुङलाई आगामी ३ वर्षका लागि अध्ययनमा चयन गर्ने निर्णय गरेको हो । नयाँ समितिको कार्यकाल ३ वर्षको रहनेछ ।तीन वर्षे कार्याकलाको पहिलो वर्षमा नै नर्सरी देखी कक्षा पाँच सम्म गुणात्मक शिक्षामा विकास गरिने पहिलो उद्देश्य छ माइलाको । विद्यालय अभिभावक विच समुधुर सम्बन्ध बनाउँदै लैजाने योजना बुनेको पोखरात्रलाई भने । विद्यार्थीलाई खेलाउँदै, पढाउँदै रमाइलो वातवरणमा बनाउँदै अगाडि बढिने माइलाला भने । माइलाले मादी क्षेत्रमा प्रख्यात र लोकप्रिय खेल बास्केटबलको विकास उनकै पहलकदमीमा सुरु भएको हो । २०५४ सालमा दीपकले नै याङ्जाकोट, ताङतिङ, सिक्लेस, चिप्ली लगायतका ठाउँमा २०५४ सालमा मार्ले नामक बास्केटबल टिम स्थापना गरे । पोखरा १३ मा हरेक वर्ष विजयदशमीको अवसरमा हुने सवै भन्दो ठुलो सांगीतिक कार्यक्रम कालरात्रीका सुरुवातकर्ता हुन माइला ।

# एक्यापको कारण जन अपेक्षा पुरा गर्न सकिएन–अध्यक्ष गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

कास्कीको माछापुच्छे गाउँपालिकाका अध्यक्ष मिन बहादुर गुरुङले आफ्नो क्षेत्रभित्रको प्राकृतिक श्रोत उपयोग गर्न नपाउँदा जन अपेक्षा अनुसार काम गर्न नसकिएको बताउनु भएको छ ।




सामुदायिक वन उपभोक्ता महासंघ नेपाल माछापुछ्रे गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँ परिषदको उद्घाटन गर्दै उहाँले स्थानीय श्रोत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप) ले प्रयोग गर्दा स्थानीय तह श्रोतबाट बन्चित भएको बताउनुभयो । आफ्नो क्षेत्रभित्रको प्राकृतिक श्रोत परिचालन गर्ने संवैधानिक अधिकार स्थानीय सरकारलाई छ उहाँले भन्नुभयो, सवै श्रोतसाधन एक्यापले नै प्रयोग गर्दा यस क्षेत्रका अन्तर्गतका १६ वटा स्थानीय तह श्रोत विहिन भएका हुन् । अध्यक्ष गुरुङ भन्नुहुन्छ सरकारसंग बारम्बार अनुरोध गर्दै आएपनि १० बर्षभित्रै समुदायलाई हस्तान्तरण गर्नुपर्ने सहमति सहित १९८६ मा स्थापना भएको एक्याप अहिलेसम्म पनि आयोजनाकै रुपमा कायम रहनु र बर्षेनी म्याद थप गर्ने प्रचलनले प्रचुर सम्भावना भएर पनि यो क्षेत्रको प्राकृतिक श्रोत स्थानीयवासिन्दाले उपयोग गर्न पाएका छैनन् । प्रभावित क्षेत्रका स्थानीय पालिकाले स्थापनाकालदेखि नै प्राकृतिक श्रोता सधान उपयोग गर्न माग गर्दे आएपनि अहिलेसम्म सुनुवाही नभएको दुःख व्यक्त गर्दै उहाँले सरोकारवाल सवैको सहमतिमा एक्याप खारेर गर्नुको विकल्प नभएको बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरिप्रसाद बास्तोलाले संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई सामुदायिक वन समुहमा परिणत गरि वनको संरक्षण, सम्वर्द्धन र उपयोगको अधिकार दिनुपर्ने बताउनुभयो । वन सम्वन्धि सम्पूर्ण अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गर्न संघ र प्रदेश सरकारसंग महासंघले जोडदार माग गर्दै आएको बताउँदै उहाँले वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले सरकारले यही फागुन महिनाको अन्तिमसम्म स्थायी लेखा नम्वर (प्यान) लिनको लागि दिएको छुटको भरपुर उपयोग गर्न आग्रह गर्नुभयो । स्थानीय पालिकाले वन ऐन बनाउनु पर्नेमा उहाँको जोड थियो । महासंघ पालिका अध्यक्ष धर्मराज डुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका वडानम्वर ६ का कार्यवाहक वडाअध्यक्ष गुरुदत्त अधिकारी, महासंघ कास्कीका उपाध्यक्ष चुडामणी अधिकारी, समाजसेवी रामचन्द्र अधिकारी,स्थानीय महासंघका कोषाध्यक्ष पार्वती अधिकारी वन क्षेत्रको महत्व माथि प्रकाश पार्दै वन डढेलो नियन्त्रणमा हातेमालो गरेर अघि बढ्ने सामुहिक प्रतिवद्धता जाहेर गर्नुभएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहाना नहुने, स्वप्नदोष, सस्वा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# अध्यादेश पेस गर्न सकस

सरकारले विभिन्न मितिमा जारी गरेर संघीय संसद्मा पेस गरेका ६ वटा अध्यादेश चार हप्तासम्म बैठकमा पेश हुन सकेको छैन । काङ्ग्रेस–एमाले गठबन्धन सरकारले १८ माघमा शुरु भएको हिउँदे अधिवेशनमा ६ वटा अध्यादेश पेस भएका थिए । १४ पुसमा जारी भएको सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २९ पुसमा जारी भएका सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश र २ माघमा जारी भएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश संघीय संसदमा पेस गरेको थियो ।

ती अध्यादेश हालसम्म स्वीकृतिका लागि निर्णयार्थ पेस भएका छैनन् । प्रतिनिधिसभा बैठक मंगलबार बसेर २१ फागुन बुधबार दिनको एक बजेसम्मका लागि स्थगित भएपछि सरकारका अध्यादेश एक महिनासम्म संसद्मै अलपत्र हुने निश्चित भएको हो । ओली नेतृत्वको सरकारमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी (जसपा) नेपालले जारी भएकामध्य भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेशलाई नस्वीकार्ने निर्णय गरेपछि सबै अध्यादेश अलपत्र परेका छन । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश फिर्ता नलिएसम्म अन्य अध्यादेश स्वीकार्न नसक्ने अडान लिएका छन् ।

जसपा नेपाल र लोसपाका माग सम्बोधन गरेर भूमिसम्बन्धी अध्यादेश परिमार्जन गर्न ३ फागुनमा बसेको सत्तारुढ ७ दलको बैठकले सत्तारुढ सबै दलका एक एक जना प्रतिनिधि सदस्य रहने गरी कार्यदल बनाउने निर्णय गरेको थियो । तर, भूमिसम्बन्धी अध्यादेश परिमार्जन होइन, फिर्ता लिनुपर्छ भन्ने अडान राख्दै अध्यक्ष यादव विदेश भ्रमणमा निस्किएपछि निर्णयार्थ प्रस्तुत हुन नपाइ संसद् सचिवालयमा नै अध्यादेश अलपत्र परेका छन । त्यसपछि न अध्यादेशमा रहेका कन्टेन्टलाई परिमार्जन गर्न सरकारले कार्यदल बनायो, न अध्यादेश फिर्ता नै लियो । न संसद्मा छलफलका लागि अहिलेसम्म निर्णयार्थ पेस गर्न सकेको छैन । भूमिसम्बन्धी अध्यादेशमा जुट्न नसकेको सहमतिका कारण सबै सत्तारुढ दल सहमत रहेका अन्य पाँच अध्यादेश पनि सरकारले संसद्मा निर्णयार्थ प्रस्तुत गर्न सकिरहेको छैन ।

भूमिसम्बन्धी अध्यादेशमा देखिएको विमतिका कारण सरकारले २४ माघ, ६ फागुनमा निर्णयार्थ प्रस्तुत गर्नका लागि गरेको तयारी अन्तिममा रोकेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले ३ फागुनमा सत्तारुढ दलहरूको बैठक बसालेर ६ फागुनमा संघीय संसदका संसद्का दुवै सदनमा अध्यादेश निर्णयार्थ पेस गर्ने निर्णयसमेत गरेका थिए । सरकारले ल्याएका अध्यादेश संसद् अधिवेशन सुरु भएको ६० दिनभित्र पारित गरेर कानुन बनाउनु पर्ने कानुनी व्यवस्था छ । तर, १८ फागुनमा संसद्को अधिवेशन सुरु भएको एक महिना पुग्ने भए पनि २१ फागुनसम्म छलफलका लागि स्वीकृति प्रदान गर्न निर्णयार्थ प्रस्तुत नहुने निश्चित भएको छ ।

प्रतिनिधिसभामा सहज बहुमत भएको सत्ता गठबन्धनको राष्ट्रियसभामा जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले भूमिसम्बन्धी अध्यादेशबाट हात झिकेकाले बहुमत पुग्दैन । जसका कारण सरकारले दुवै सदनमा अध्यादेश निर्णयार्थ पेस गर्न सकिरहेको छैन । प्रतिनिधि सभामा बहुमत भए पनि राष्ट्रिय सभामा काङ्ग्रेस एमाले अल्पमतमा रहेका कारण अध्यादेश पेस गर्न हिच्किचाएको छ । राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल माओवादी केन्द्रका भएको कारण अन्य दलका सांसदको समर्थन लिन खोज्दा बैठक स्थगन गर्न सक्ने भय काङ्ग्रेस एमालेलाई छ । राष्ट्रिय सभामा माओवादी केन्द्र, नेकपा एस र मधेश केन्द्रीत दलको समर्थन बिना प्रतिनिधि सभामा प्रचण्ड बहुमत भए पनि अध्यादेश पारित हुन नसक्ने देखेर सरकार पर्ख र हेर को अवस्थामा छ।संविधान संशोधनका लागि पनि राष्ट्रिय सभाको २०८२ को निर्वाचन कुर्नुपर्ने हुन सक्छ । नेपालमा भूराजनीतिक जटिलता रहेका कारण सरकारले चाहेर पनि काम गर्न सहज छैन । सत्तारूढ काङ्ग्रेस र एमालेलाई विभाजनबाट जोगाउन भूमि संबंधी अध्यादेशमा मेरो गोरुको बाह्रै टक्का नभनी बीचको बाटो लिनु उपयुक्त हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# अपाङ्गता भएकालाई घरमै नागरिकता

पोखरापत्र संवाददाता

दमौली, १४ फागुन

जिल्ला प्रशासन कार्यालयले अपाङ्गता भएका एक किशोरलाई घरमै पुगेर नागरिकता प्रदान गरेको छ ।

म्याग्दे गाउँपालिका–२ का १८ वर्षीय अपाङ्गता भएका सुजन रानाभाटलाई प्रशासन कार्यालयले मङ्गलबार घरमा नै पुगेर नागरिकता प्रदान गरेको हो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले अपाङ्गता भएका व्यक्तिलाई कार्यालयसम्म आउन समस्या हुने भएकाले घरमै पुगेर नागरिकता प्रदान गरिएको बताउनुभयो । विसं २०६३ पुस १० गते जन्मिनुभएका सुजन जन्मजात अपाङ्गता हुनुहुन्छ ।

# 'इको भ्यान' दुर्घटना हुँदा एकको मृत्यु

पोखरापत्र संवाददाता

म्याग्दी, १४ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ को गुइठेभिरमा 'इको भ्यान' दुर्घटना हुँदा एक जनाको मृत्यु र तीन जना घाइते भएका छन् । बेनी–जोमसोम–कोरला सडकअन्तर्गत अन्नपूर्ण गाउँपालिका–३ को सुकेबगरबाट नारच्याङतर्फ जाँदै गरेको बा६च ४९४४ नम्बरको इकोभ्यान आज सडकबाट कालीगण्डकी नदीको किनारमा खसेको सीमा प्रहरी चौकी भुरुङ तातोपानीले जनाएको छ ।

दुर्घटनामा परी सो भ्यानका चालकसमेत रहेकी अन्नपूर्ण–४ घरापकी अन्दाजी ४० वर्षीया सुनदेवी गौचन (सरिता)को घटनास्थलमै मृत्यु भएको सिमा प्रहरी चौकी भुरुङ तातोपानीका प्रमुख प्रहरी सहायक निरीक्षक रमेशप्रसाद अधिकारीले बताउनुभयो । उहाँले दुर्घटनामा सख्त घाइते रुपा पुन, नमिता चोचाङ गी र विष्णुकुमारी बुढाथोकीलाई उद्धार गरेर उपचारका लागि पोखरा अस्पतालमा पठाइएको बताउनुभयो । नारच्याङमा रहेको शिव मन्दिर जाने यात्रु चढेको भ्यान सडकबाट करिब एक सय ५० मिटर तल कालीगण्डकी किनारमा खसेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर पौडेल नेतृत्वको टोलीले घटनास्थल पुगेर दुर्घटनाको बारेमा अनुसन्धान थालेको छ । दुर्घटनाका कारण अन्नपूर्ण–४ नारच्याङमा बुधबारदेखि सुरु गर्ने लागिएको प्रथम तरुण कप भलिबल प्रतियोगिताको कार्यक्रम स्थगित भएको छ । तरुण दलका कार्यवाहक अध्यक्ष श्रीप्रसाद रोकाले कार्यक्रमस्थल नजिकै भएको दुर्घटनामा स्थानीय व्यक्तिको निधन र घाइते भएकाले खेलकुद प्रतियोगिताको बुधबारका कार्यक्रम स्थगन गरिएको जानकारी दिनुभयो ।

# दुर्घटनामा एकको मृत्यु, एक जना घाइते

पोखरापत्र संवाददाता

वालिङ, १४ फागुन

स्याङ्जामा गएराति पिकअप भ्यान दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने सहचालक घाइते भएका छन् ।

गल्याङ नगरपालिका–११ खरिपानीस्थित सिद्धार्थ राजमार्गमा भएको दुर्घटनामा पाल्पाको रम्भा गाउँपालिका–३ बस्ने भ्यान चालक २६ वर्षीय मित्रलाल अर्यालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी हरिप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा परी घाइते भएका चालकको गएराति गल्याङ नगर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । बुटवलबाट पोखरातर्फ जाँदै गरेको लु ३ च नम्बरको भ्यान सडकबाट झण्डै एक सय मिटर तल खसेको थियो । भ्यानमा चालकसहित चार जना सवार थिए । सहचालक पाल्पाको रम्भा गाउँपालिका–३ बस्ने २३ वर्षीय राधेश्याम बस्यालको पाल्पाको तानसेनस्थित लुम्बिनी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

दुर्घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको सूचना अधिकारी पौडेलले बताउनुभयो ।

# ठेक्काको अवधि सकिएपछि कालोपत्र गर्न थालियो

पोखरापत्र संवाददाता

म्याग्दी, १४ फागुन

म्याग्दीको प्रवेशद्धारमा रहेको बेनी नगरपालिका–८ कालिपुल बसपार्क क्षेत्रमा ठेक्का अवधि सकिएपछि सडक कालोपत्रको काम सुरु भएको छ ।

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक, बेनी–जोमसोम–कोरला सडक योजनाले पर्वत हुँदै म्याग्दी प्रवेश गर्ने मोटरबल पुलदेखि बगरफाँट जोड्ने झोलुङ्गेसम्म पाँच सय मिटर दूरीमा अक्सफाल्ट प्रविधिको कालोपत्र गर्न थालिएको आयोजनाका इञ्जिनियर विष्णु चापागाईंले बताउनुभयो ।

"उक्त सडक कालोपत्र गर्न २०८१ भदौ १४ गते बेनीको सक्षम ब्रदर्श प्रालिले रु ९२ लाख ४१ हजारमा ठेक्का सम्झौता गरेको थियो", उहाँले भन्नुभयो, "माघ मसान्तमा ठेक्का सम्झौताको अवधि सकिएपछि फागुन १ गतेदेखि लागू हुनेगरी कुल रकमको दैनिक ०.०५ प्रतिशतका दरले निर्माण कम्पनीलाई हर्जना तिराइएको आयोजनाले जनाएको छ ।" बेनी नगरपालिका–८ का वडाध्यक्ष उत्तमकुमार कर्माचार्यले जनप्रतिनिधि र स्थानीवासीको दबाब, सम्बद्ध निकायले जरिवाना तिराउन थालेपछि निर्माण व्यवसायीले सम्झौता गरेको पाँच महिनापछि कालोपत्र गर्न थालेका बताउनुभयो।"सम्झौतालगत्तैकार्यस्थलमा आएको निर्माण कम्पनीले पुरानो कालोपत्र भत्काएर बेस र सबबेस राख्ने र गत महिना बिटुमिन बिछ्याएको थियो", उहाँले भन्नुभयो, "उक्त कम्पनीको कालोपत्र गर्ने उपकरण नभएको र अरुका उपकरणमा भरपर्दा ढिलाइ भएको हो ।" यसअघि विसं २०७६ चैतमा गरिएको डिबिएसडी प्रविधिको कालोपत्र उप्किएर खाल्डाखुल्डी पर्ने, पानी जम्ने र धुलो भएको थियो । सक्षम ब्रदर्शका सञ्चालक मनोज कार्कीले मङ्गलबार रातिसम्म काम गरिएको, बुधबार शिवरात्रि पर्व भएकाले काम रोकिने र बिहीबार सम्पन्न गर्ने बताउनुभयो ।

# पोखरा ३२ खुदीखोलामा निर्मित शिव मन्दिरको उद्घाटन

पोखरापत्र संवाददाता

पोखरा, १४ फागुन



महाशिवरात्रीको पूर्व सन्ध्यामा पोखरा महानगरपालिका वडा नं. ३२ खुदीखोलाका सुकुम्बासी समुदायले शिव मन्दिरको मंगलबार समुद्घाटन गरेका छन् ।

पोखरा महानगरपालिका वडा नं। ३२ का प्रमुखको अनुपस्थितमा वडा सदस्य तथा प्रमुख अतिथि शोभा वि.क. ले रिबन काटेर शिव मन्दिरको विधिवत उद्घाटन गर्दै सुकुम्बासी टोलको भौतिक पूर्वाधारका आगामी योजना सम्पन्न गर्नका लागि थप बजेट उपलब्ध गराउने बताईन । साथै शिव मन्दिरलाई थप व्यवस्थित बनाउन वडा आर्थिक रुपमा तत्पर रहेको समेत बताईन ।

दुर्गा आमा समुहकी उपाध्यक्ष कमलामाया परियारको अध्यक्षतामा संचालित कार्यक्रममा आराधना टोल विकास संस्थाका अध्यक्ष भुपेन्द्र राना मास्की मगरले खुदिखोलामा रहेका विभिन्न टोलका सुकुम्बासीलाई वडाले बेवास्ता गरेको गुनासो गरे । अध्यक्ष मास्कीले चुनावको बेलामा मात्र सुकुम्बासीसँग भोट माग्न आउने जनप्रतिनिधिहरुलाई आगामी दिनमा टोलबाटै बहिष्कार गर्ने समेत बताए । उनले सुकुम्बासीका समस्या खानेपानी लगायत विद्यालयमा शिक्षक समेत अभाव रहेको बताए । करिब ७ लाखमा निर्माण सम्पन्न शिव मन्दिर भुकम्पले गर्दा जिर्न अवस्था थियो पछि स्थानीय वडाको ४ लाख बजेटबाट बाकी स्थानीय चन्दा र श्रमदानबाट निर्माण सम्पन्न भएको आराधना टोल संस्थाका सचिव राजु परियारले बताए । सचिव परियारले सुकुम्बासीका दुख बुझ्ने जनप्रतिनिधि आवश्यक रहेको बताए । अस्थायी प्रहरी चौकि राज चौताराका प्रतिनिधि हेम बहादुर छेत्रीले खुदिखोला सुकुम्बासी टोलको शान्ति सुरक्षा लगायत कुरा ध्यान दिने बताउदै मन्दिर निर्माणले आफु खुशी भएको बताए । खुदिखोला युवा क्लबका अध्यक्ष केस बहादुर थापाले स्वागत मन्तब्य राखेको कार्यक्रममा सिता आधारभुत विद्यालयका अविभावक संघका अध्यक्ष राजन कुमार गुरुङले विद्यालय अहिले शिक्षक अभाव हुदा समेत जनप्रतिनिधिहरु बाट कुनै पहल नभएको र विद्यालय सुधारमा जनप्रतिनिधिहरुले ध्यान दिनुपर्ने बताए । दुर्गा आमा समुह सचिव हुम कुमारि श्रेष्ठ ले सचालन गरेको कार्यक्रममा सल्लाहकार जन बहादुर घले, गगनगौडा बजार ब्यवस्थापनका अध्यक्ष भवानी प्रसाद पौडेल, अतिथि मिलन लामा, खुदिखोला खानेपानी तथा सरसफाइ उपोभोक्त समितिका अध्यक्ष हरि बहादुर गुरुङ, दारिमबोट टोल विकास संस्थाको अध्यक्ष हिरालाल बि।क, समान्तर महिला बचत समुहका अध्यक्ष तिल कुमारि गुरुङ, सुनौलो दलित समाजका अध्यक्ष सुल बहादुर परियार, आराधना मगर समाजका अध्यक्ष बसुन्धरा थापा मगर, आराधना तमु समाजका अध्यक्ष सुकबहादुर गुरुङ, हिमालय टोल विकास संस्थाका सचिव विस्नु गुरुङ, दुर्गा आमा समुहका वरिष्ठ सल्लाहकार सावित्री गुरुङ, मन्दिर निर्माण सहयोगी सुक बहादुर गुरुङ लगायतको उपस्थित थियो ।

# होटल बन्दीपुर हिल अन्तिम चरणमा

पोखरापत्र संवाददाता

तनहुँ, १४ फागुन



बन्दीपुरमा निर्माणाधीन पाँचतारे होटल बन्दीपुर हिल अन्तिम चरणमा पुगेको छ । सत्र तले कुइन टावर नामकरण गरिएको सो होटल आगामी जेठ महिनाबाट सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

बन्दीपुर–४ बरालथोकमा निर्माणाधीन सो होटलबाट माछापुच्छ्रेदेखि लाङटाङसम्मको हिमशृङ्खला र अन्य मनोरम दृश्यावलोकन गरी मज्जा लिन सकिने छ । त्यसैगरी, बजार क्षेत्रलाई हेर्न सकिन्छ, जुन पर्यटकका लागि पृथक र रोचक अनुभव हुनसक्ने बताइएको छ । बन्दीपुर हिलले प्याकेजका रूपमा र्‍याफ्टिङ, रकक्लाइमिङ, जीपलाइन स्काइसाइक्लिङलगायत साहसी खेलको गन्तव्यका रूपमा विकास गर्न लागेको बन्दीपुर हिलका महाप्रबन्धक रोमनमान श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार यस होटलमा ८० कोठा रहने छन् । परियोजनाले तल्लो स्टेशनमा रु तीन अर्ब ८३ करोड लगानी गरिसकेको छ । परियोजनाको कुल लागत छ सय २९ करोडमध्ये करिब चार सय ३३ करोड बराबरको काम सम्पन्न गरिसकेको बताइएको छ। "साहसिक खेलका साथै खड्गदेवी मन्दिरको दर्शन गर्न सकिन्छ, बन्दीपुरमा घुम्न आउने पर्यटकले पृथक अनुभव लिन सक्नेछन्", महाप्रबन्धक श्रेष्ठले भन्नुभयो, "रेशमी खेती, मौरीपालनसँगै समुदायको विकासका लागि बन्दीपुर हिललाई सामूहिक उद्यमी क्षेत्रमा नमूना बनाइँदैछ ।" बन्दीपुर–४ ठुलडुङ गाथिस्थित केबलकारको तल्लो स्टेशन ८० रोपनी क्षेत्रफलमा होटलसहितका मनमोहक उद्यान निर्माण गरिएको छ, जुन पृथ्वीराजमार्ग सडक छेउमा रहेको छ । एक हजार छ सय १६ मिटर लामो केबलकार करिब सात मिनेटमा पार हुने छ । केबलकार यात्राको क्रममा तल्लो स्टेशनबाट माथिल्लो स्टेशनतर्फ जाँदै गर्दा ९० डिग्रीको कोणमा आकाशतर्फ उडिरहेको आभास गर्न सकिन्छ । केबलकार सञ्चालनको पहिलो वर्ष कम्पनीको विशेष अफरमा रु पाँच सयमा आवतजावत गर्न सकिने छ । अन्य दिनमा आठ सयदेखि नौ सय र बिदाका दिनमा एक हजारदेखि एक हजार दुई सय जनासम्मले केबलकारको यात्रा गर्ने गरेका छन् । बन्दीपुर हिलमा हाल एक सय २० जना कर्मचारी कार्यरत छन् । यस परियोजनालाई नेपालकै गौरवको रुपमा लिइएको छ । नेपालकै पहिलो टियूभी प्रमाणपत्र प्राप्त गरिसकेको छ । टियुभी नर्ड जर्मनीअन्तर्गतको कम्पनी टियुभी नर्ड इन्डियाले परियोजनाको सुपरिवेक्षण गरी सर्टिफिकेट प्रदान गरेको हो । विसं २०८१ जेठ ३१ गतेबाट व्यावसायिक रूपमा केबलकार सञ्चालनमा ल्याइएको हो । बच्चादेखि ज्येष्ठ नागरिकसम्मका लागि लक्षित गरी परियोजना बनेको सो कम्पनीले जनाएको छ । "लोड परीक्षण तथा केबलकार अपग्रेड गरी सम्पूर्ण हिसाबले सुरक्षाको प्रत्याभूति गराएपछि अन्तर्राष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र, (टियुभी सर्टिफिकेट) प्राप्त भएको छ", श्रेष्ठले भन्नुभयो, "कम्पनीले सुरक्षा र गुणस्तरलाई पहिलो प्राथमिकता दिएर पूर्ण सुरक्षित वातावरण बनेपछि मात्र सर्वसाधारणका लागि केबलकार सञ्चालनमा ल्याएका हौं ।" वर्षको एक दिन महाअष्टमीका दिनमात्र सर्वसाधारणका लागि खुला हुने बन्दीपुरको प्रसिद्ध खड्गदेवी मन्दिरमा अब हरेक दिन दर्शन गर्न सकिने कम्पनीले जनाएको छ । यसअघि नै केबलकारको तल्लो स्टेसनमा अत्याधुनिक सुविधासहितको रेस्टुरेन्ट 'ड्राइभ इन'सञ्चालनमा ल्याइसकेको छ । विदेशी तथा स्वदेशी पर्यटकलाई अन्तरराष्ट्रियस्तरको (पाँच तारे) सरहको सुविधा प्रदान गर्ने उद्देश्यले वैशाख १ गतेदेखि रेस्टुरेन्ट 'ड्राइभ इन'सञ्चालनमा ल्याइएको अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । त्यस्तै तल्लो स्टेशनमा जङ्गली म्युजियम, चिल्ड्रेन जोन, ३३ कोटी देवीदेवताका मूर्तिसहितको आकर्षक पार्क सञ्चालनमा ल्याइएको छ । समग्र बन्दीपुर हिल गुरुयोजना अनुसारका सबै संरचना आगामी दुई वर्षभित्र निर्माण सम्पन्न हुने लक्ष्य राखिएको छ । केबलकारको ३१ गोण्डलामध्ये २१ वटा यात्रु बोक्ने गोण्डला रहेको सो परियोजनाले जनाएको छ ।

